# स्थानीय तह निर्वाचन २०७४ का सन्दर्भमा बालअधिकार अनुगमन

पहिलो चरणको निर्वाचनमा निर्वाचन पूर्व १ हजार ९ सय ३२, निर्वाचनको दिन ९६ र निर्वाचन पश्चात ७ सय २० जना बालबालिकालाई प्रयोग गरिएको छ । दोस्रो चरणको निर्वाचनमा दुबै चरणको निर्वाचनमा निर्वाचन पूर्व १ हजार ६ सय ७२, निर्वाचनको दिन ४३ र निर्वाचन पश्चात ६ सय ५६ जना बालबालिकालाई प्रयोग गरिएको छ । साथै तेस्रो चरणमा सम्पन्न भएको निर्वाचनका क्रममा निर्वाचन पूर्व १ हजार १ सय र निर्वाचन पश्चात ४ सय ४२ जना बालबालिकालाई प्रयोग भएको पाइएको छ भने निर्वाचनको दिन बालबालिकाको प्रयोग भएको पाइएको छ । यसरी तीनै चरणमा सम्पन्न भएको निर्वाचनमा निर्वाचन पूर्व ४ हजार ७ सय ४ जना, निर्वचनको दिन १ सय ३९ जना र निर्वाचन पश्चात १ हजार ८ सय १८ जना गरी कुल ६ हजार ६ सय ६१ जना बालबालिकाको प्रयोग भएको देखिन्छ ।

## गतिविधिका आधारमा बालबालिकाको प्रयोग

निर्वाचनसंग सम्बन्धित विभिन्न गतिविधिमा ६ हजार ६ सय ६१ जना बालबालिका प्रयोग भएका छन् ।

